# सर्केगाड गाउँपालिका

## गाउँसभाको १४ औं अधिवेशन(२०८१/०३/१०-२०८१/०३/३०) का निर्णयहरुः

**प्रस्तावहरुः**

प्रस्ताव नं. १ सम्मान पत्र तथा प्रशंसा पत्र प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ सर्केगाड गाउँपालिकाको कृषि विकास जीवनस्तर सुधार सहयोग तथा आयआर्जन विकास सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ३ सर्केगाड गाउँपालिका अन्तर्गतका विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ४ गुणस्तरीय जीवनका लागि आवास लिस्नो तथा चर्पी सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ५ सर्केगाड गाउँपालिकाको कृषि उत्पादनमा आधारित अनुदान वितरण सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ६ कन्टिजेन्सी रकम व्यवस्थापन परिचालन तथा खर्च सम्बन्धी कार्यविधि,२०८१ सम्बन्धमा ।

प्रस्ताव नं. ७ सर्केगाड गाउँपालिकाको न्यायिक समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा ।

प्रस्ताव नं. ८ सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम, २०८१ माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. ९ सर्केगाड गाउँपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८१ माथि छलफल तथा गाउँपालिकाको बेरुजु फर्स्यौट सम्बन्धमा ।

प्रस्ताव नं. १० सर्केगाड गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदनमाथि छलफल सम्बन्धमा ।

प्रस्ताव नं. ११ सर्केगाड गाउँपालिकाको अनुगमन सुपरिवेक्षण तथा सुशासन समितिको वार्षिक प्रतिवेदनमाथि छलफल सम्बन्धमा । ।

प्रस्ताव नं. १२ सर्केगाड गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदनमाथि छलफल तथा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १३ सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को आर्थिक ऐन, २०८१ माथि छलफल तथा अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं. १४ विविध सम्बन्धमा ।

निर्णयहरुः

ठान बहादुर रोकाया
अध्यक्ष

**निर्णय नं. ७** प्रस्ताव नं. ७ को सम्बन्धमा सर्केगाड गाउँपालिका गाउँसभा सदस्य श्री पदम बहादुर शाही ज्यूले गाउँसभाको १४ औं अधिवेशनमा सभासमक्ष पेश गर्नुभएको सर्केगाड गाउँपालिका न्यायीक समितिको प्रतिवेदन, २०८१ माथि छलफल गरि स्थानीय न्याय व्यवस्थालाइ प्रभावकारी बनाउन थप उर्जाशिल हुदैं भूमिका निर्वाह गर्नुपर्ने सुझाव सहित धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. ८** प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिका गाउँसभा सभामुख तथा गाउँपालिका अध्यक्ष श्री ठान बहादुर रोकाया ज्यूले गाउँसभाको १४ औं अधिवेशनमा सभासमक्ष पेश गर्नुभएको सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा ९ सर्केगाड गाउँपालिकाको सार्वजनिक लेखा समितिको प्रतिवेदन, २०८१ माथि छलफल तथा गाउँपालिकाको बेरुजु फस्यौंट सम्बन्धमा सर्केगाड गाउँपालिकाको सार्वजनिक लेखा समितिको २०८१/०१/१७ देखि २१ गते सम्मको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्दै गाउँपालिकाको सम्परिक्षणको सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

- **i)** सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनमा लेखा परिक्षणको क्रममा करिब ४८ लाख ७७ हजार को सम्परिक्षण भएको उल्लेख गरिएको छ जसमा १६४१८०० आर्थिक वर्ष ०७८/०७९ र ०७९/०८० को पेश्की बाँकी र अन्य प्रमाण पेश गर्नुपर्ने रहेको छ भने बाँकी सोही आर्थिक वर्ष ०८०/०८१ को सम्परिक्षण गरिएको देखिएको छ । विनियोजन, राजश्व, जिन्सी व्यवस्थापन, धरौटी, कोष तथा अन्य आय व्यय, मौज्दात हिसाब आर्थिक व्यवस्थापन कार्यक्रम सञ्चालन जनशक्ती व्यवस्थापन तथा सेवा प्रवाह लगायतका क्रियाकलापको लेखापरिक्षण गरिएको उल्लेख गरिएको छ ।
- **ii)** गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ४ मा करार कर्मचारी दरबन्दी भन्दा बढी देखिएकोले अनियमित भएको रु. १२,७७,२८० बेरुजु देखिएकोमा गाउँपालिकाको स्विकृत दरबन्दी भन्दा ४ जना बढी कर्मचारी करारमा नियुक्ती गरिएको भनिएकोमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिकाका लागि स्वीकृत गरिएको दरबन्दीमा सहायकस्तर पाँचौ(प्रशासन) ३ जना र चौथो ५ जना गरी ८ जनाको स्विकृत दरबन्दी रहेकोमा गाउँपालिकामा २ जना प्रशासन सहायक(पाचौं) र ५ जना सहायकस्तर चौथो तहको कर्मचारी कार्यरत रहेको तथा न्यायिक समितिको कार्यालयमा कामकाज गर्नका लागि ज्यालादारीमा एक जना सहयोगीस्तरको कर्मचारी राखीएको र निजहरुको तलब भत्ता

ठान बहादुर रोकाया
अध्यक्ष

भुक्तानी गरिएको साथै वडा कार्यालयमा वडा सचिवको पदपूर्ति हुन नसकेको अवस्थामा प्रशासनिक कामकाज गर्नका लागि प्रशासन सहायक नियुक्ती गर्नुपर्ने बाध्यता रहेको र स्थायी कर्मचारी निरन्तर नरहने (दरबन्दी खाली रहेको, पदपूर्ति हुन समय लाग्ने तथा लोक सेवाबाट सिफारिस भइ आएका कर्मचारीसमेत अन्यत्र नाम निकाली छिटोछिटो गइरहने अवस्था रहेको) हुँदा स्थायी रुपमा सेवा प्रवाहका लागि प्रशासन सहायकलाइ करार सेवामा लिइ कामकाजमा लगाउनुपर्ने बाध्यता रहेको हुँनाले आगामी दिनमा उक्त अनियमित भएको कार्यलाइ नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्ने निर्देशन दिने ।

iii) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा १९ मा **फरक शिर्षकमा खर्चः** शिर्षकमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ बमोजिम सम्बन्धित खर्च शिर्षकअन्तर्गत रहि खर्च गर्नुपर्नेमा नियमावलीको विपरित फरक शिर्षकमा खर्च लेखिएकोले रु २९,४४,८४७ बेरुजु लेखिएकोमा देहायको शिर्षकबाट देहायबमोजिमको खर्च भुक्तानी भएको देखिन्छ ।

| क्र.सं. | खर्च शिर्षक | खर्च | रकम |
|---|---|---|---|
| १ | पारीश्रमिक कर्मचारी र कर्मचारी प्रोत्साहन | करार कर्मचारीको सेवा तलब भत्ता भुक्तानी | ७६१८६१ |
| २ | पदाधिकारी बैठक भत्ता | करार कर्मचारीको सेवा तलब भत्ता भुक्तानी | ६५६००० |
| ३ | पदाधिकारी बैठक भत्ता | करार कर्मचारीको सेवा तलब भत्ता भुक्तानी | ३९४८२४ |
| ४ | पदाधिकारी बैठक भत्ता, विविध खर्च तथा कर्मचारी पोशाक | करार कर्मचारीको सेवा तलब भत्ता भुक्तानी | ३५६००० |
| ५ | पत्रपत्रिका छपाइ सूचना प्रकाशन खर्च | विभिन्न कार्यालय सामग्री खरिदबापतको भुक्तानी | ४९७७६२ |
| ६ | मसलन्द तथा कार्यालय सामग्री | खाना तथा खाजानास्ताको बील भुक्तानी | ७७५२० |
| ७ | मसलन्द तथा कार्यालय सामग्री | विभिन्न खाजा नास्ताको बील भुक्तानी | ९२६३० |

ठान बहादुर रोकाया
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ८ | औषधी खरिद खर्च | आँखा शिविर सञ्चालनमा खाजा नास्ताको बील भुक्तानी | |

माथि भुक्तानी गरिएको खर्च र खर्च शिर्षकमा कर्मचारी पारीश्रमिक तथा प्रोत्साहन, पदाधिकारी बैठक भत्ता शिर्षकबाट उस्तै प्रकृतिको खर्च शिर्षकमा खर्च गरिएको देखिन्छ, त्यसैगरी वडातर्फ मसलन्द तथा कार्यालय सामग्री शिर्षकबाट वडा कार्यालय सञ्चालनका क्रममा हुने चालु प्रकृतिका खर्च व्यवस्थापनका लागि मसलन्द तथा कार्यालय सामग्री शिर्षक राखी खर्च लेख्ने गरिएको हुँदा आगामी गाउँसभाबाट वार्षिक कार्यक्रम तर्जुमा गर्दा खर्च शिर्षक स्पष्ट राखी सम्बन्धित शिर्षकमा मात्र खर्च लेख्ने सुझाव दिदैं हाललाइ गाउँसभाबाट यस्तो कार्य नियमित गर्न सिफारिस गर्ने निर्णय गरियो । त्यसैगरी पत्रपत्रिका तथा छपाइ शिर्षकबाट भैपरी आउने प्रकृतिका कार्यालय सामग्री तथा मसलन्द खरिद गरिएको हुँदा आगामी दिनमा यस्ता क्रियाकलापलाइ नियन्त्रण गरी सम्बन्धित खर्च शिर्षकमा मात्र खर्च गर्न सिफारिस गर्ने निर्णय गरियो । साथै स्वास्थ्यतर्फका कार्यक्रम सञ्चालन तथा स्वास्थ्य उपचार सेवाका लागि निःशुल्क औषधी व्यवस्थापनका लागि विनियोजित बजेटमा भूलवशः शिर्षक औषधी खरिद राखिएको र उक्त शिर्षकबाट तिलगंगा आखा अस्पतालको विशेषज्ञ डाक्टरको सहभागितामा सञ्चालित निःशुल्क आखा शिविर सञ्चालन गर्दा लागेको खाजा नास्ताको खर्च भूक्तानी गरिएको हुँदा एउटा चालु प्रकृतिको खर्च शिर्षकबाट उक्त शिर्षकमा हुने भुक्तानीबाट बाँकी रकमबाट उस्तै प्रकृतिको अर्को चालु प्रकृतिको खर्चको भुक्तानी दिइएको तथा सम्बन्धित खर्चका लागि रकम अभाव भएकै कारण खर्चको प्रकृति मिल्ने अर्को शिर्षकबाट भुक्तानी गरिएको देखिएकोले आगामी दिनमा यस्ता फरक शिर्षकमा हुने खर्च नियन्त्रणमा ध्यान दिदै हाललाइ उक्त खर्च नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्ने निर्देशन दिने

**iv)** सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा २० मा खर्चको पुष्टयाइ हुने कागजात पेश नभएको भनि वडा नं. ८ मा सञ्चालित खरायो वितरण कार्यक्रममा याली निर्व्याली अपाङ्ग कृषि तथा पशुपालन समुहलाइ ५००००० भुक्तानी गरिएकोमा रु १०० जोडी खरायो वितरणको भरपाइ संलग्न नरहेकोमा उक्त १०० जोडी खरायो वितरणको भरपाइ श्रेस्ता फाइलिङको क्रममा छुट हुन गएको भनि आर्थिक प्रशासन शाखाबाट थप कागजात प्राप्त भएकोले

ठान बहादुर रोकाया
अध्यक्ष

प्रमाण पेश भएका संलग्न कागजातका आधारमा उक्त बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

v) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा २८ मा D.P.R. जिन्सी दाखिला नभएकोले जिन्सी दाखिला गर्नुपर्ने भनि बेरुजु उल्लेख गरिएकोमा ब्रिक कन्सल्टेन्सी प्रा लि परामर्शदाता रहेको सर्केगाड गाउँपालिकाको यातायात गुरुयोजना (RMTMP) गाउँपलिकाको जिन्सी व्यवस्थापन प्रणाली (PAMS) मा दाखिला गरी दाखिला प्रतिवेदन समितिसमक्ष पेश गरिसकेको हुँदा उक्त बेरुजु सम्परिक्षण गरी बेरुजु कट्टा गर्न सिफारिस गर्ने लेखा समितिको सिफारिस गरिएको छ ।त्यसैगरी प्रतिवेदनको दफा ३० मा गाउँपालिकाले खरिद गरेको ल्यापटप जिन्सी व्यवस्थापन प्रणाली(PAMS) मा दाखिला नगरेकोले दाखिला गर्नुपर्ने उल्लेख गरिएकोमा उक्त ल्यापटप जिन्सी दाखिला (PAMS) गरी दाखिला प्रतिवेदन पेश गरि सकिएको हुँदा उक्त दुबै कारोबारको जिन्सी दाखिला(PAMS) गरिसकिएको हुँदा संलग्न प्रमाण कागजातका आधारमा बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

vi) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ३३ मा पाठ्यपूस्तक खरिदतर्फ संघीय सरकारको सशर्त अनुदानको शैक्षिक कार्यक्रम तर्फको निःशुल्क पाठ्यपूस्तक वितरणका लागि सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ सम्मका विद्यार्थीको यथार्थ तथ्याङ्क सत्यापान गराइ विवरण शिक्षा अधिकृतबाट प्रमाणित गराइ पाठ्यपुस्तकको संख्या यकिन गरी अनुदान उपलब्ध गराउनुपर्ने र निकासा उपलब्ध गराउदा IEMIS मा रजिष्टर्ड विद्यार्थीको कोड नं. सहितको नामनामेसी विवरण संलग्न राखुपर्नेमा विद्यार्थीको कोड नं. सहितको नामनामेसी विवरण पूस्तक खरिदको बील बुझेको भरपाइ सहितको कागजात शिक्षा शाखाबाट पेश भएको हुँदा आवश्यक प्रमाण पेश भइसकेकोले उक्त बेरुजु रकम रु. २०,९२,४६२ को सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

vii) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ३९ मा दिगो खानेपानी सरसफाइतथा स्वच्छता परियोजना(सुस्वा) परियोजनाको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत पालिका तथा वडास्तरमा खानेपानी योजना तथा सरसफाइ अनुगमन प्रणालीको विकासका लागि वृत्तचित्र तयार गरी सोही कार्यका लागि भुक्तानी गरेकोमा गाउँपालिकाको वस्तुस्थिति, भौगोलिक जटिलता तथा छरिएको वस्तीलाइ मध्यनजर गरी साथै विदेशी दातृ संस्थाबाट नियमित तथा आवधिक अनुगमन तथा निरीक्षणका लागि आउने पाहुनाहरुका लागि जहाँ जुनसुकै स्थानबाट समेत निरीक्षण अनुगमन गर्नका लागि सहज होस भन्ने हेतुका साथै गाउँपालिकामा सुस्वा परियोजनाबाट निर्माण भएका खानेपानी तथा सरसफाइ परियोजना तथा

ठान बहादुर रोकाया
अध्यक्ष

कार्यक्रमहरुको प्रचार प्रसारका लागि उक्त वृत्तचित्र निर्माण गरिएको जानकारी सम्बन्धित शाखाबाट पाइएको हुँदा उक्त कार्यबाट समेत पालिका तथा वडास्तरमा खानेपानी योजना तथा सरसफाइ अनुगमन प्रणालीको विकासका लागि टेवा पुग्ने ठहर गरी उक्त कारोबारलाइ नियमित गर्ने र  बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

**viii)** सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ४२ मा सोझै खरिद तर्फ सार्वजनिक खरिद ऐन, २०६३ मा प्रतिस्प्रधा सिमित हुने गरी मालसामान सोझै खरिद गर्न नहुने उल्लेख गरिए तापनि गाउँपालिकाबाट स्वास्थ्यतर्फका विभिन्न मालसामान निर्धारित सिमाभन्दा बढीको खरिद गरिएको पाइएकोमा आगामी दिनमा यस्ता प्रचलित कानून विपरितका खरिदलाइ नियन्त्रण गर्दै खरिद गरिएका अत्यावश्यकिय औषधीजन्य मालसामान तथा आकस्मिक औषधी खरिदमा भएको अनियमिततालाइ अन्तिम पटकका लागि नियमित गरी उक्त शिर्षकमा बिसाल साइन्स एण्ड सर्जिकल सप्लायर्सको नाममा रहेको रु. १९,२६,०५६ रकमको कारोबारलाइ नियमित गर्ने र  बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

**ix)** सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ४३ मा खर्चको पुष्ट्याइ हुने कागजात पेश नभएको भनि विभिन्न शिर्षकमा गरी जम्मा ४,६३,६०० प्रमाण पेश नगरेको बेरुजु लेखिएकोमा सर्केगाड गाउँपालिकामा सञ्चालित दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना(सुस्वा) मा तोकिएको कार्यक्रमअन्तर्गत रहि देहायको कार्यक्रमको पुष्ट्याइ हुने नदेखिएकोले प्रमाण पेश गर्नुपर्ने भनिएको-

| क्र.सं. | कार्यक्रम | रकम | कैफियत | पुष्ट्याइको आधार |
|---|---|---|---|---|
| १ | सुरक्षित शौचालयका सूचक तथा मुख्य संरचनाको जानकारी सहित सूचना बोर्ड जडान | ५१००० | २८ वटा सूचना बोर्ड जडानको प्रमाण पेश नभएको | नमुनाको रुपमा केहि सूचना बोर्ड जडानको फोटो समावेश गरिएको |
| २ | अति विपन्नलाइ सहयोग कार्यक्रम | ८९००० | ६८ जनालाइ १५ के जी का दरले र १३ जनालाइ २५ के जी का दरले सिमेन्ट वितरण गरेकोमा उक्त | अति विपन्न घरधुरीलाइ शौचालय तथा जुठेल्नो निर्माणका लागि सिमेन्ट उपलब्ध गराइएको र नियमित अनुगमनबाट |

ठान बहादुर रोकाया
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| | | | सामग्रीबाट भएको निर्माण कार्यको कार्यसम्पन्न प्रतिवेदन पेश नभएको | उक्त कार्यको निरीक्षण गरिएको फोटो संलग्न रहेको |
| ३ | पालिकास्तरीय वास योजना अध्यावधिक गर्ने | १६९००० | वास योजना पेश नभएको | वास योजना तयार भइसकेको तथा वास इकाइबाट वास योजना पेश गरेको |
| ४ | खानेपानी योजनाको मर्मतसम्भार योजना तथा सञ्चालन योजना तयारी | ६७८०० | खानेपानी योजनाको मर्मत सम्भार तथा योजना सञ्चालन पेश नभएको | खानेपानी योजनाको मर्मत सम्भार तथा योजना सञ्चालन पेश भएको |
| ५ | समुदायस्तरमा वञ्चितिकरणमा परेका समुदायलाइ समेट्ने कार्यविधि निर्माण | ८६८०० | समुदायस्तरमा वञ्चितिकरणमा परेका समुदायलाइ समेट्ने कार्यविधि पेश नभएको | सामाजिक समावेशीकरण नीती पेश भएको |
| | | ४६३६०० | | |

माथिका सम्पूर्ण क्रियाकलाप पुष्टि हुने प्रमाण पेश गरेको तथा सूचना बोर्ड जडानसम्बन्धी प्रतिनिधिमूलक प्रमाणस्वरुप केही फोटो संलग्न राखी पेश गरिएको हुँदा उक्त कारोबारलाइ नियमित गर्ने र बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

**x)** सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८०/०८१ को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ४४ मा नम्सवेगरको भुक्तानीका लागि गाउँपालिकामा सञ्चालित दिगो खानेपानी सरसफाइ तथा स्वच्छता परियोजना सुस्वा को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत सद्भावना दुत परिचालन तथा कन्सर्ट आयोजनाका लागि राष्ट्रियस्तरका कलाकारहरुलाइ निम्ता गरी भव्य कार्यक्रम सञ्चालन गरी कलाकारहरुलाइ आवतजावत तथा पारीश्रमिकस्वरुप ३ जना कलाकारलाइ रु. १४१५०० भूक्तानी गरिएकोमा उक्त खर्चलाइ नर्म्सवेगरको खर्चको रुपमा बेरुजु लेखिएकोमा राजधानीबाट धेरै टाढा रहेको दुर दराजको वस्तीमा आइ भव्य कार्यक्रममा गरेको प्रस्तुती तथा गाउँपालिकाको प्रचार प्रसारमा उल्लेख्य योगदान गरेबापत उक्त रकम प्रदान गरिएको कलाकारलाइ कार्यक्रम गरेबापत प्रदान गरिने रकमको सम्बन्धमा कहि कतै मापदण्ड

ठान बहादुर रोकाया
अध्यक्ष

नरहेको साथै यस्ता कार्यक्रममा गरिने खर्चको नर्म्स तर्जुमा गाउँपालिकाले गर्नुपर्ने भएतापनि नर्म्स तयार नगरी उक्त भुक्तानी गरिएको हुँदा आगामी दिनमा यस्ता कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाबाट मापदण्ड तयार गरी गाउँ कार्यपालिकाबाट स्विकृत गराएर मात्र सञ्चालन गर्न निर्देशन दिदै हाललाइ उक्त कारोबारलाइ नियमित गर्ने र बेरुजु सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

xi) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ४३ मा फरक व्यक्तिलाइ भुक्तानी शिर्षकमा स्वास्थ्य संस्थाको तलब भत्ता प्रशासनिक खर्च शिर्षकबाट प्रिन्टर, ल्यापटप प्रोजेक्टर लगायतका सामग्री निसान कम्प्युटर सप्लायर्सबाट खरिद गरेको तर उक्त कार्यको भुक्तानी सम्बन्धित फर्मलाइ नगरी किरण बुढाथोकीलाइ गरेकोमा सम्बन्धित पार्टीले भुक्तानी पाए/नपाएको यकिन हुन नसकेको हुँदा पार्टिले भुक्तानी पाएको प्रमाण पेश गर्नुपर्ने भनि बेरुजु औंल्याइएको हुँदा स्वास्थ्य शाखा संयोजक श्री किरण बुढाथोकीले निसान कम्प्युटर सप्लायर्सलाइ भुक्तानी गरेको स्टेटमेन्ट सहित सम्परिक्षणका लागि पेश गरेको हुँदा उक्त प्रमाण कागजातका आधारमा नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

xii) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ५१ मा भुक्तानीका लागि खर्च पुष्ट्याइको लागि आवश्यक प्रमाण (कुटानी पिसानी मिल तथा तेल पेल्ने मेसिन वितरण गरेको प्रमाण) संलग्न नराखी खर्च लेखिएको भनि बेरुजु औंल्याइएकोमा कृषि विकास शाखाले उक्त कुटानी पिसानी तथा तेल पेल्ने मेसीन खरिद गरि बितरण गरेको भरपाइ संलग्न राखी पेश गरेको र गाउँपालिकाले उक्त कृषिका मेसीनरी सामानहरु सम्पूर्ण वडाहरुको रोहवरमा रहने गरी वितरण समेत गरिसकेको साथै हाल नियमित रुपमा सञ्चालनमा रहेको हुँदा संलग्न प्रमाण कागजातका आधारमा उक्त कारोबारलाइ नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

xiii) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ५१ मा भुक्तानीका लागि खर्च पुष्ट्याइको लागि आवश्यक प्रमाण(१०० थान ज्याकेट वितरण, ८ नं. वडा प्रोफाइल जस्तापाता दाखिला तथा वितरण) संलग्न नराखी खर्च लेखिएको भनि बेरुजु औंल्याइएकोमा १०० थान ज्याकेट वितरणको बील भरपाइ र नागरिकता पेश भएको, वडा प्रोफाइलको किताब प्रमाणको रुपमा पेश भएको, जस्तापाता दाखिला गरी वितरण गरेको भरपाइ पेश गरेको हुँदा संलग्न कागजातका आधारमा उक्त कारोबारलाइ नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

ठान बहादुर रोकाया
अध्यक्ष

xiv) सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनको दफा ५७ खर्च शिर्षक फरक पारेको शिर्षकमा बेरुजु औल्याएको विषयमा आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७७ मा बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था रहे तापनि चालु खर्चबाट चालु खर्चमा तथा पूजिगत बाट पूजिगतमा रकमान्तर गरी खर्च मिल्ने व्यवस्था भएको तर त्यसका लागि गाउँसभाबाट अनुमोदन गराइ खर्च लेख्नुपर्नेमा खर्च लेख्नुपर्ने शिर्षकमा बजेट अभाव नहुने गरी अनिवार्य दायित्व रहेका उस्तै शिर्षकमा गाउँसभा अधिवेशनसम्म खर्च नलेखि राख्दा भुक्तानीमा ढिलाइको जोखिम रहने देखिएको हुँदा खर्च लेखिएको देखिएकोले आगामी दिनमा गाउँपालिकाबाट हुने खर्चको वास्तविक सिमा एकिन गरी सोही बमोजिम बजेट व्यवस्था गरी प्रचलित कानून बमोजिममात्र खर्च लेख्ने सुझाव सहित यो औल्याइएको बेरुजु नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

xv) प्रस्ताव नं. २ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०७९/०८० को अन्तिम लेखापरिक्षण प्रतिवेदनमा लेखा परिक्षणको दफा ७४ मा सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक निकायले खरिद सम्झौता गर्दा रनिङ बीलको ५% रिटेन्सन मनी बापतको रकम रनिङ बील वा अन्तिम बील भुक्तानीमा कट्टा गरी भुक्तानी गर्नुपर्नेमा गाउँपालिकाले देहायका योजनामा भुक्तानी गर्दा रिटेन्सन मनि कट्टा नगरी भुक्तानी दिएको भनि बेरुजु औल्याइएकोमा भूलवशः उक्त योजनाहरुको रिटेन्सन मनी कट्टा नगरीएको तथा हालसम्म उक्त योजनाहरु निरन्तर रुपमा सञ्चालनमा रहेको र उक्त योजानाको (DLP) period भित्र कुनै जोखिम नदेखिएको साथै हालैका वर्षहरुमा निर्माण कम्पनी तथा उपभोक्ता समितिबाट कार्य गराउदा रिटेन्सन मनी (धरौटी ५%) कट्टा गरेर मात्र भुक्तानी गर्ने गरिएको हुँदा उक्त अनियमित भएको बेरुजु नियमित गर्ने र सम्परिक्षणका लागि पेश गर्न निर्देशन दिने ।

**निर्णय नं. १०** प्रस्ताव नं. १० को सम्बन्धमा सर्केगाड गाउँपालिका गाउँसभा सदस्य श्री अकिल बहादुर कार्की ज्यूले गाउँसभाको १४ औं अधिवेशनमा सभासमक्ष पेश गर्नुभएको सर्केगाड गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन माथि व्यापक गरी छलफल गरी गाउँपालिकाको वार्षिक प्रगति प्रतिवेदन तथा गाउँपालिकाको बजेट खर्चको विषयक्षेत्रगत समिक्षा गरियो । गाउँपालिकाको चालु खर्चतर्फ फजुल तथा अनुत्पादाक क्षेत्रमा ज्यादै खर्च भइरहेको पाइएकोले चालु खर्च नियन्त्रणतर्फ ध्यान दिनुपर्ने देखिन्छ भने गाउँपालिकाको पूजिगत खर्च बढाउन योजना सम्झौता तथा योजना सञ्चालनको कार्यतालिकामा हेरफेर गरी चौमासिक खर्च प्रगतिलाइ सन्तुलन गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

ठान बहादुर रोकाया
अध्यक्ष

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको अनुगमन सुपरिवेक्षण तथा सुशासन समितिको वार्षिक प्रतिवेदनमाथि व्यापक छलफल गरी गाउँपालिकाबाट गत विगत वर्षहरुमा भन्दा अनुगमन सुपरीवेक्षणलाइ तिव्रता दिइएको र अनुगमन सुपरिवेक्षणबाट गाउँपालिकाको विकास व्यवस्थापनमा सकारात्मक प्रभाव परेको हुँदा अनुगमन तथा सुपरिवेक्षण समितिलाइ धन्यवाद दिदै आगामी दिनमा समेत समितिको सक्रियताका लागि अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गरी यस सर्केगाड गाउँपालिकाको स्थानीय राजश्व परामर्श समितिले व्यापक छलफलबाट तयार गरी गाउँसभा सदस्य तथा गाउँपालिकाका उपाध्यक्ष श्री श्री चन्द्रसिंह कार्की) ज्यूले पेश गर्नुभएको **स्थानीय राजश्व परामर्श समितिको प्रतिवेदन, २०८१** सर्वसम्मतले पारित गर्ने निर्णय गरियो

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिका गाउँसभा सदस्य तथा गाउँपालिकाका उपाध्यक्ष श्री चन्द्रसिंह कार्की ज्यूले पेश गर्नुभएको सर्केगाड गाउँपालिकाको आर्थिक वर्ष ०८१/०८२ को **आर्थिक विधेयक,२०८१** सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।

ठान बहादुर रोकाया
अध्यक्ष